अरुण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर

गिटी, ढुंगा, वालुवा संकलन तथा विक्रि गर्ने सम्वन्धी सिलवन्दी दरभाउपत्र अह्वान सम्वन्धी १५ दिने सूचना प्रकाशीत मिति २०७५।०५।०८

अरुण गाउँपालिकाले तपसिलमा उल्लेखित नदिनाला तथा खानीको गिटी, ढुंगा तथा वालुवा संकलन तथा विक्रि गर्न न्यूनतम अंकमा नघटने गरी आ. व. २०७५।०७६ को लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिक, व्यवसाही, कम्पनी तथा फर्महरुबाट नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धिकर (VAT) दर्ता प्रमाण पत्र स्थायी लेखा नं. दर्ता प्रमाण पत्र (PAN) व्यक्ति फर्म वा कम्पनीहरुबाट आ. व. २०७४।०७५ सम्मको कर चुक्ता प्रमाण पत्रहरुका प्रतिलिपी पेश गरी निम्न बमोजिम रित पुऱ्याई ठेक्काको लागि तपसिलमा उल्लेखित मिति, समय र स्थानमा निम्न बमोजिमका स्थानहरुबाट गिटी, ढुंगा, रोडा तथा वालुवा संकलन र विक्रि गर्न सिलवन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरीएको छ ।

**तपसिल**

| ठेक्का नं. | संकलन केन्द्र वा खानीको नाम | फारम शुल्क | न्यूनतम कवोल गर्नु पर्ने रकम रु. |
|---|---|---|---|
| १ | अरुणनदी लेगुवा, यागुवा खोला, याङ्गपाङ्ग हंग्रायो खोला | ३०० | ६,९१,५०५। |

१. सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७५।०५।२२ गते) भित्रमा माथि उल्लेख भए बमोजिमको दस्तुर तिरी आफूले चाहेको ठेक्काको दरभाउपत्र फाराम अरुण गाउँपालिकाबाट कार्यालय समय भित्र खरिद गर्नु पर्ने छ । १६ औं (मिति २०७५।०५।२३) दिनको १२:०० बजे भित्र आफूले कवोल गरेको कुल ठेक्का रकमको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैकमा रहेको हि.२०४०३०३००७१०२ धरौटीमा दाखिला गरेको सक्कलै भौचर वा कार्यालयको नगदी रसिद संलग्न राखी दरभाउपत्र दर्ता गराउनु पर्नेछ ।

२. दरभाउपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दरभाउपत्र केरमेट भएमा केरमेट भएको स्थानमा स्पष्ट हस्ताक्षर गरेको हुनुपर्नेछ । दाखिला भएको दरभाउपत्र १६ औ दिनको २:०० बजे अरुण गाउँपालिकाको कार्यालयमा खोलिनेछ । वोलपत्र दाखिला कर्ता वा निजको प्रतिनिधी उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३. दरभाउपत्र खरिद गर्ने, वोलपत्र दाखिला गर्ने, वोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भालिपल्ट कार्यालय खुलेको दिनलाई मानिनेछ ।

४. दरभाउपत्र स्वीकृत भए पछि पहिलो किस्ता रकम पचास प्रतिशत र बाँकी पचास प्रतिशत नगदै वा २०७६ असोज सम्मको वैंक ग्यारेन्टी पेश गर्नुपर्ने छ । साथै कवोल गरेको रकम एकमुष्ट वुझाएमा गाउँकार्यपालिकाको निर्णय बमोजिम छुट दिन सकिने छ । तोकीएको समयमा सम्झौता नगरेमा दरभाउपत्र कर्ताको धरौटी रकम वा वैंक ग्यारेन्टी फिर्ता गरिनेछैन ।

५. नियमानुसार चाहीने सम्पूर्ण शुल्क, कर, दस्तुर, आयकर तथा मूल्य अभिविद्धिकर ठेकेदार आफैले गाउँपालिकामा वुझाउनु पर्ने छ । आफुले कवोल गरेको रकमबाट कटाउन पाउने छनै । शर्त सहीत पेश गरेको, रित नपुगी वा म्याद नाघी आएको, न्यूनतम रकम वन्दा घटी कवोल गरेको, कालो सूचीमा परेको र यस कार्यालयबाट प्रमाणित गरी बिक्री नगरेको दरभाउपत्र फर्मलाई मान्यता दिइने छैन ।

६. कर दस्तुर उठाउन ३।३ प्रति वाला रसिद ठेकेदार आफैले छपाउनु पर्नेछ । रसिद गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाई, रसिद नम्वर दाखिला गरी माग फारम भरेर कार्यालयबाट वुझिलिनु पर्नेछ । कवोल गरेको रकम कुनै वन्द, हटताल, नाकावन्दी, चक्काजाम जस्ता अप्रत्यासीत घटना वा अन्य कुनै पनि कारण देखाई आममाफी, छुट वा मिनाहा गरीने छैन । ढुंगा, गिटी, वालुवा संकल तथा उत्खन्न गर्दा पुर्ववत अवस्थामा कुनै असर परे सो को निर्माण ठेकेदार आफैले आफ्नै लगानीमा पुरा गर्नुपर्नेछ ।

७. ठेक्का सम्वन्धी कुनै विवाद भएका प्रचलित कानूनको परिधी भित्र रहि अरुण गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ । साथै कुनै ठेक्का पूर्ण वा अंसीक स्वीकृत गर्ने वा नगर्ने सम्पूण अधिकार गाउँपालिकामा रहेको छ । गाउँपालिकाले तोकेको दर रेट भन्दा वडीमा कर, दस्तुर तथा महशुल लिन पाइने छैन । प्रचलित कानूनले निषेध गरीएको, अदालतबाट कुनै निर्णय गरिएको अवस्थामा सोही निर्णयको पालना गर्नु पर्ने छ । सो निर्णय कानून अनुसार हुने छ ।

८. यस सूचनामा उल्लेख गरिएको वाहेक कुनै कुरा छुटन गएको अवस्थामा प्रदेश कानून तथा गाउँपालिकाको नियम बमोजिम हुनेछ । बाँकी कुनै कुराहरु अन्य प्रचलित कानून अनुसार हुनेछ । गाउँपालिकाले तोकेको स्थानमा संकलन केन्द्र राखी कर तथा शुल्क संकलन गर्नु पर्ने छ । सवारी साधनलाई अवरोध गर्न पाईने छैन ।

९. विस्तृत जानकारको लागि अरुण गाउँपालिकाको वेवसाइट www.arunmun.gov.np र फोन नं. ९८५२०८२३३३ र ९८५२०५२२३२ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

प्रदिप गौतम
प्रमुख प्रशासकीय अधिकृत